धुनिबेंशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.: १६२०

मिति : २०८१।१०।१४
ने.स.११४५ पोहेलागा सोमवार

**विषय : उत्कृष्ठ विद्यालयलाई सम्मान तथा पुरस्कारको लागि निवेदन पेस गर्ने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालयहरु सबै,
धुनिबेंशी नगरपालिका, धादिङ ।

प्रस्तुत विषयमा धुनिबेंशी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले आ.व.२०८०/०८१ का आधारमा **धुनिबेंशी नगरपालिका सामुदायिक विद्यालय शिक्षा पुरस्कार तथा सम्मान निर्देशिका, २०८१** बमोजिम उत्कृष्ठ विद्यालयलाई पुरस्कृत् तथा सम्मान गर्ने कार्यक्रम भएकोले मिति २०८१/०९/१९ गते प्रथम पटक सूचना प्रकाशित गरेकोमा केही विद्यालयबाट मात्र आवेदन पर्न आएकाले पुनः यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्रमा विद्यालयहरुले तपसिल बमोजिम आवश्यक कागजात सहित शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेस गर्नुहुन अनुरोध छ।साथै सो सम्बन्धी विस्तृत जानकारीको लागि धुनिबेंशी नगरपालिकाको वेव साइटमा उक्त निर्देशिका हेर्नुहुन अनुरोध छ ।

तपसिल

१-नगरपालिकाले कक्षा ५ सम्म संचालित विद्यालयहरु मध्येबाट १, कक्षा ६ देखि ८ सम्म संचालित विद्यालयहरु मध्येबाट १ र कक्षा ९ देखि १२ सम्म संचालित विद्यालयहरु मध्येबाट १ गरी जम्मा ३ वटा उत्कृष्ठ विद्यालयलाई सम्मान तथा पुरस्कृत गर्नेछ ।
२-निर्देशिकाको अनुसूची -२ मा उल्लेख भए बमोजिमका सूचकका आधारमा उत्कृष्ठ विद्यालय छनोट गरिनेछ । साथै विद्यालयले अनुसूची -२ अनुसारको फाराम भरी सूचक अनुसारको प्रमाणित कागजातहरु संकलन गरी प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षले प्रमाणित गरी उपर्युक्त समय भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्नेछ ।
३-पुरस्कृत तथा सम्मानित हुने विद्यालयले छनौट आधारको कुल अङ्कको कम्तिमा पनि ६० प्रतिशत हासिल गर्नुपर्नेछ।

कर्ण बहादुर भुवाजी
शिक्षा निर्देशक